## लिखु गाउँ कार्यपालिकाको बैठक संख्या - १, (आ.व. २०८२/०८३)

आज मिति २०८२/०४/२३ गते शुक्रवार, बिहानको ११ बजे लिखु गाउँपालिकाका अध्यक्ष श्री अशोक कुमार कार्कीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्तावहरुमा छलफल गरी निर्णय गरियो।

**उपस्थिति**

| क्र.स. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक कुमार कार्की | |
| २ | उपाध्यक्ष | श्री अस्मिता थापा | |
| ३ | वडाध्यक्ष, वडा नं. १ | श्री हिरा बहादुर कार्की | |
| ४ | वडाध्यक्ष, वडा नं. २ | श्री राम कुमार बुढाथोकी | |
| ५ | वडाध्यक्ष, वडा नं. ३ | श्री सोकर्ण श्रेष्ठ | |
| ६ | वडाध्यक्ष, वडा नं. ४ | श्री घनबहादुर कार्की | |
| ७ | वडाध्यक्ष, वडा नं. ५ | श्री मोहन कार्की | |
| ८ | वडाध्यक्ष, वडा नं. ६ | श्री टिका बहादुर क्याप्छाकी | |
| ९ | वडाध्यक्ष, वडा नं. ७ | श्री तारा बहादुर तामाङ | |
| १० | वडाध्यक्ष, वडा नं. ८ | श्री पुरुषोत्तम पौडेल | |
| ११ | वडाध्यक्ष, वडा नं. ९ | श्री केशवहरी ढुंगेल | |
| १२ | कार्यपालिका सदस्य | श्री ईला बहादुर मुदेल | |
| १३ | कार्यपालिका सदस्य | श्री पशुपति सुनुवार | |
| १४ | कार्यपालिका सदस्य | श्री कमला कार्की | |
| १५ | कार्यपालिका सदस्य | श्री रेणुका मगर | |
| १६ | कार्यपालिका सदस्य | श्री अम्बिका बिश्वकर्मा | |
| १७ | कार्यपालिका सदस्य | श्री गितादेवी बर्मे | |
| १८ | सदस्य सचिव | श्री अर्जुन कुमार राउत | |

**सहायक कर्मचारीहरु:**

श्री विपना श्रेष्ठ - प्रशासकीय अधिकृत
श्री उमाशंकर चौधरी - इन्जिनियर
श्री किरण पौडेल - इन्जिनियर
श्री कर्ण बहादुर कार्की - कार्यालय सहयोगी
श्री रवि कटवाल - कार्यालय सहयोगी

**बैठक संख्या: १**
**क. मिति: २०८२/०४/२३ गते शुक्रवार**
**ख. विहान: ११:०० बजे**

**क) प्रस्तावित विषयहरु:**

१. समीक्षा सम्बन्धमा।
२. विभिन्न परिपत्र सम्बन्धमा।
३. गाउँपालिकाको दररेट सम्बन्धमा।
४. वडा कार्यालय सञ्चालन, मसलन्द तथा कार्यालय सामग्री खर्च सम्बन्धमा।
५. कार्यतालिका तथा योजना वर्गीकरण सम्बन्धमा।
६. कार्यविधि संशोधन तथा पारित सम्बन्धमा।
७. ठेक्का व्यवस्थापन सम्बन्धमा।
८. आ. व. २०८१/०८२ को आम्दानी तथा खर्च सम्बन्धमा।
९. पालिकास्तरीय खेलकुद मैदान तोकी प्राप्त बजेट कार्यान्वयन सम्बन्धमा।
१०. विविध समसामयिक विषयमा।

**ख. निर्णयहरु:**

**निर्णय नं १,**
प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा विगतका कार्यपालिकाको बैठकका निर्णयहरु क्रमश: प्रभावकारी रुपमा कार्यान्वयन भइरहेको अवस्थामा यसलाई थप प्रभावकारी बनाउन सरोकारवाला पक्षहरु बिचमा समन्वय गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं २,**
प्रस्ताव नं. २ माथि आवश्यक छलफल एवं समीक्षा गर्दा, विभिन्न निकायबाट प्राप्त भएका परिपत्रहरूमा समावेश निर्देशन, मार्गनिर्देशन तथा सुझावहरूलाई आगमी दिनमा कार्यान्वयन गर्दै जाने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ३,**
प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा, लिखु गाउँपालिकाको दररेट निर्धारण समितिको मिति २०८२/०४/२२ को निर्णय बमोजिम पेश भएको "लिखु गाउँपालिकाको दररेट, २०८२" स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो। सो दररेट यसै निर्णयसँग अनुसूची–१ मा संलग्न छ।

**निर्णय नं. ४,**
प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत बजेट अन्तर्गत वडा नं. १ देखि ९ सम्मका वडा कार्यालयहरूको सञ्चालन, मसलन्द तथा कार्यालय सामग्री खर्च शीर्षकमा प्रत्येक वडाका लागि विनियोजित रू. ५,००,०००/- (अक्षरेपीः रुपैयाँ पाँच लाख मात्र) प्रचलित कानून तथा नियमावली बमोजिम देहाय अनुसारको खर्च शीर्षक तथा सीमाभित्र रही प्रमुख प्रशासकीय अधिकृतमार्फत खरिद आदेश तथा कार्यादेश लिएर कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

| क्र.स. | विवरण | रकम |
|---|---|---|
| १ | वडा समिति बैठक खाजा खर्च | २८८००.०० |
| २ | सवारी साधन ईन्धन खर्च | १०००००.०० |
| ३ | सवारी साधन मर्मत खर्च | ४००००.०० |
| ४ | भ्रमण खर्च | ९००००.०० |
| ५ | मसलन्द तथा कार्यालय सामाग्री खर्च | १०००००.०० |
| ६ | सार्वजनिक सम्पतिको मर्मत सम्भार खर्च | ४००००.०० |
| ७ | खेलकुद कार्यक्रम | ५००००.०० |
| ८ | वडा सचिव सञ्चार खर्च | १२०००.०० |
| ९ | विविध खर्च | ३९२००.०० |
| | **जम्मा** | ५०००००.०० |

**निर्णय नं. ५,**

प्रस्ताव नं. ५ माथि आवश्यक छलफल गर्दा, आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमहरू बमोजिम नियमित कार्यक्रम बाहेकका पालिका स्तरीय तथा वडास्तरीय सम्पूर्ण योजना तथा कार्यक्रमको सम्झौता फागुन मसान्त भित्र र योजना तथा कार्यक्रमको अन्तिम भुक्तानी वैशाख मसान्त भित्र सम्पन्न गर्ने गरी शाखागत तथा वडागत वार्षिक कार्यतालिका तयार गरी १५ दिन भित्र कार्यालयमा पेश गर्न निर्देशन दिने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ६,**

प्रस्ताव नं. ६ माथि आवश्यक छलफल गर्दा कार्यपालिका बैठकमा पेश हुन आएका देहाय बमोजिमका कार्यविधि संशोधन तथा पारित गर्ने सर्वसम्मत निर्णय गरियो। (कार्यविधि यसैसाथ संलग्न छ।)

(क) आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२
(ख) शैक्षिक सहायता अनुदान कार्यविधि, २०८२
(ग) शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि, २०७९ (पहिलो संशोधन २०८२)

**निर्णय नं. ७,**

प्रस्ताव नं. ६ माथि आवश्यक छलफल गर्दा आर्थिक वर्ष २०८२/८३ मा सङ्घीय सम्पूरक अनुदान तथा लिखु गाउँपालिकाको स्वीकृत बजेट तथा कार्यक्रमअन्तर्गत वडा नं. १, २, ४, ६, ८ र ९ का वडा कार्यालय भवन निर्माण आयोजना क्रमागत योजना भए तापनि, पर्याप्त बजेट अभावका कारण हाललाई वडा नं. १, ४, ६ र ८ का भवन निर्माण प्रक्रिया प्रारम्भ गर्ने तथा बाँकी वडा नं. २ र ९ का भवन निर्माण कार्य आगामी आर्थिक वर्षदेखि प्रारम्भ गर्ने सर्वसम्मत निर्णय गरियो। सो भवन निर्माण कार्यका लागि कुल स्वीकृत बजेटको ३०% भन्दा बढी लागत नबढ्ने गरी लागत अनुमान तयार गरी प्रचलित नियमानुसार अनुसार ठेक्का प्रक्रियामार्फत कार्यान्वयन गर्ने तथा ठेक्का कार्यान्वयनको क्रममा थप आर्थिक दायित्व सिर्जित भएमा आवश्यक अतिरिक्त आर्थिक स्रोत गाउँ कार्यपालिकाबाट व्यवस्थापन गरिने निर्णय गरियो।

**निर्णय नं. ८,**

प्रस्ताव नं. ८ माथि आवश्यक छलफल गर्दा आर्थिक वर्ष २०८१/०८२ मा लिखु गाउँपालिकाबाट सम्पन्न भएका सम्पूर्ण आर्थिक कारोबारको वार्षिक आम्दानी तथा खर्च विवरण सदर गर्ने सर्वसम्मत निर्णय गरियो। आम्दानी तथा खर्चको विस्तृत विवरण यसै निर्णयसँग संलग्न अनुसूची–२ मा छ।

**निर्णय नं. ९,**

प्रस्ताव नं. ९ माथि आवश्यक छलफल गर्दा लिखु गाउँपालिका, वडा नं. ५ मा लिखु गाउँपालिकाको नाममा रहेको जग्गालाई पालिका स्तरीय खेल मैदानको रुपमा उपयोग गर्ने तथा आर्थिक वर्ष २०८२/०८३ मा सङ्घ तथा प्रदेश सरकारबाट पालिका स्तरीय खेलमैदान निर्माणको लागि प्राप्त बजेट सोही खेल मैदान निर्माणका लागि कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. १०,**

प्रस्ताव नं. १० माथि आवश्यक छलफल गर्दा लिखु गाउँपालिकाको विविध समसामयिक विषयहरुमा देहाय अनुसार सर्वसम्मत निर्णय गरियो।

(क) स्थानीय शिक्षा ऐन, २०७५ को (पहिलो संशोधन) को दफा १६ को उपदफा १ को खण्ड (घ) बमोजिम विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मध्येबाट श्री ग्रामोदय युगकवि सिद्धिचरण माध्यमिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्री अम्बर बहादुर श्रेष्ठलाई गाउँशिक्षा समिति सदस्य पदमा मनोनयन गर्ने,

(ख) लिखु गाउँपालिका कार्यपालिकाको आगामी बैठक आवश्यकता अनुसार बस्ने।